महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

सुर्यगढी गाउँपालिका

नुवाकोट

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

सुर्यगढी गाउँपालिका

नुवाकोट



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

सुर्यगढी गाउँपालिका

नुवाकोट

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित

योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय ....

पत्र संख्याः २०७९।८०
च.नं. ९६ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
सूर्यगढी गांउपालिका, गांउकार्यपालिकाको कार्यालय, नुवाकोट

कैफियत सहितको राय

हामीले त्यस गाँउपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ५ करोड ५ लाख ८४ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु ३ करोड ८५ लाख ७ हजार फर्स्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ६ लाख ७२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३८ लाख २२ हजार, नियमित गर्नुपर्ने रु. ७५ लाख ८२ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ९ करोड १९ लाख २७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु १० करोड ४ लाख ३ हजार रहेको छ । पालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

श्याम प्रसाद भण्डारी
नायब महालेखापरीक्षक

सूर्यगढी गांउपालिका, नुवाकोट

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
२९	२२	५०५८४	०	२	३८५०७	२९	२०	१२०७६	६७२	७५८२	३८२२	०	०	१२०७६	०

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

क.सं	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु. हजार
१	१०	अनुदान फिर्ता नगरेको	३७६६९
२	४४	सामाजिक सुरक्षा भत्ता	८३८

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सुर्य गढी गांउपालिका	९१९२७	०	०	९१९२७	०	१२०७६	१०४००३

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : सूर्यगढी गाउँपालिका, नुवाकोट , सुर्यगढी गाउँपालिका , नुवाकोट

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	धनेन्द्र भुजेल	२०७८-१०-३	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	यज्ञश्वर पाण्डे	२०७७-४-१	२०७८-९-१३
लेखा प्रमुख	महेश राज शर्मा	२०७७-४-१	हाल सम्म कार्यरत
		बेरुजु रकम	१२,०७६,८४१.१२

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२,४०,४८,००३	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२५,७७,६४,०००	**चालु खर्च**	१९,०७,६४,५३१.१९
प्रदेश सरकारबाट अनुदान	३,७७,९८,०००	**पूँजीगत खर्च**	१३,०२,४९,८८७.३
राजश्व बाँडफाँट	६,१२,८५,१३७.९६	**वित्तीय/अन्य व्यवस्था**	०
आन्तरिक आय	५४,९८,०९६		
अन्य आय	०		
कुल आय	३६,२३,४५,२३३.९६	**कुल खर्च**	३२,१०,१४,४१८.४९
बाँकी मौज्दात		६,५३,७८,८१८.४७	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धती सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले नेपालको संविधान २०७२ अनुसार यस गाउँपालीकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चितता गर्दै गुणस्तरिय सेवा प्रदान गर्दै जनतालाई प्रत्यक्ष लाभ पुग्ने सामाजिक,आर्थिक एवं भौतिक क्रियाकलाप सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्देश्य रहेको छ। वागमती प्रदेशमा अवस्थित क्षेत्रफल १०१।५१ वर्ग किलोमिटर, ३०४९०जनसंख्या रहेको यो गाउँपालिका अन्तर्गत ५ वडा वाट ४२ गाउँसभा सदस्य रहेका छन्। गाउपालिकाको आधार कृषि तथा पशुपालन प्रमुख लक्ष्य तय गरेको छ।	
२			**संचित कोष** स्थानीय संचित कोषः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७८।७९ को कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ।	

प्राप्ती भुक्तानी हिसाव				
विवरण	यस वर्ष रु.	गतवर्ष रु.		
बजेट	वस्तुगत/सोझै भुक्तानी	जम्मा	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)	३९,०२,७५,७०४	३६,४६,६७,१९४.३७	३६,४६,६७,१९४.३७	३७,४४,२३,७३५.०३
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)	३७,०२,७५,७०४	३६,२३,४५,२३४.३७	३६,२३,४५,२३४.३७	३६,३०,२३,७३५.०३
११००० कर	६,६४,०७,७०४	६,६७,८३,२३४.३७	६,६७,८३,२३४.३७	६,३६,२७,१९५.०३
१३००० अनुदान	३०,३८,६८,०००	२९,५५,६२,०००	२९,५५,६२,०००	२९,९३,९६,५४०
संघीय सरकार	२६,६०,७०,०००	२५,७७,६४,०००	२५,७७,६४,०००	२४,७४,६७,५४०
प्रदेश सरकार	३,७७,९८,०००	३,७७,९८,०००	३,७७,९८,०००	५,१९,२९,०००
ख. अन्य प्राप्ति	२,००,००,०००	२३,२१,९६०	२३,२१,९६०	१,१४,००,०००

			वितरण गर्न बाकी राजस्व	०	०	०	०	
			कोषहरु	२,००,००,०००	१०,००,०००	१०,००,०००	१,१४,००,०००	
			धरौटी	०	१३,२१,९६०	१३,२१,९६०	०	
			संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	०	०	०	०	
			भुक्तानी (ग+घ)	४१,४३,२३,७०७	३२,२९,६१,८४७.८४	३२,२९,६१,८४७.८४	३४,१२,०७,०७८.६१	
			ग. भुक्तानी (सञ्चित कोषबाट)	३९,४३,२३,७०७	३२,१०,१४,४१८.४९	३२,१०,१४,४१८.४९	३३,१८,५२,०७८.६१	
			२१००० पारिश्रमिक / सुविधा	१२,४५,४८,०००	११,१८,०३,४२२.३३	११,१८,०३,४२२.३३	३,२६,७६,३०९.५८	
			२२००० मालसामान तथा सेवाको उपयोग	८,७०,८४,३२३	६,५५,४६,५६८.८६	६,५५,४६,५६८.८६	५,२१,३१,७९१.२५	
			२५००० सहायता (Subsidy)	०	०	०	६,७८,९९,४९०.९०	
			२६००० अनुदान	९०,००,०००	६६,०१,०८०	६६,०१,०८०	६३,१७,५००	
			२७००० सामाजिक सुरक्षा	४९,२०,०००	३९,६०,०००	३९,६०,०००	९१,०९,०३३	
			२८००० अन्य खर्च	३१,५०,०००	२८,५३,४६०	२८,५३,४६०	२,०४,८०,३४८	
			३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१६,३८,२१,३८४	१३,०२,४९,८८७.३०	१३,०२,४९,८८७.३०	१४,३२,३७,६०५.८८	
			३२००० वित्तीय सम्पत्ति	१८,००,०००	०	०	०	
			घ. अन्य भूक्तानी	२,००,००,०००	१९,४७,४२९.३५	१९,४७,४२९.३५	३४,१२,०७,०७८.६१	
			कोषहरु	२,००,००,०००	७,२४,७४७	७,२४,७४७	९१,००,०००	
			धरौटी	०	१२,३०,३७०	१२,३०,३७०	२,५५,०००	
			संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	०	०	०	०	

कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		-७,६८७.६५	-७,६८७.६५	
ङ. यो वर्षको बचत (न्युन)	(२,४०,४८,००३)	४,१७,०५,३४६.५३	४,१७,०५,३४६.५३	३,३२,१६,६५६.४२
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)		२,८०,८९,१५२	२,८०,८९,१५२	२,८०,५५,९९०.६७
वर्षान्तको बाकी रकम (ङ + च)	(२,४०,४८,००३)	६,९७,९४,४९८.५३	६,९७,९४,४९८.५३	६,१२,७२,६४७.०९
बैंक तथा नगद बाकी		६,९५,३९,४९८.५३	६,९५,३९,४९८.५३	२,१९,७९,०८०.४०

वित्तीय विवरण सम्वन्धी परीक्षणमा देखिएका व्यहोराको विस्तृत विश्लेषण टेस्ट अफ कन्ट्रोल मा राखिएको छ।

३			**जिन्सि सामान**	
३.१			सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग यस कार्यालयमा जिन्सि समानको जिन्सि खाता हरेक आ ब का अलग अलग तयार पारेको देखियो अघिल्लो आ ब को अ ल्या सारेको नदेखिएकोले कार्यालयको जिन्सी सामानको विवरण यकिन गर्न सकिएन। सार्वजनिक सम्पत्ति जग्गाको संरक्षण उपयोगको कुनै अभिलेख देखिएन। कार्यालयमा सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड हालसम्म नवनेको तथा संरक्षण र उपयोग नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गरेको कुनै अभिलेख प्रमाण देखिएन।	
३.२			यस कार्यालयले सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) प्रयोग गरेको पाईएन। जिन्सि सामाग्री लगायत सम्पत्तीको एकिकृत विवरण तयार गर्न सुचनाप्रविधिमा आधारित यस प्रणालि आ ब २०७७।७८ देखि नै लागु भएतापनि यस गा पा ले हाल सम्म लागु गरेको देखिएन जसले यस पालिकाको सार्वजनिक सम्पत्ति व्यावस्थापन प्रभावकारी छैन।	
४			**प्रकोप**	
४.१			यस आ ब मा वैंक स्टेटमेण्ट मा र वैंक नगदी कितावमा मौज्दात रकम अ ल्या रकम हिसाव मिलान भएको देखिएन । वैंक स्टेटमेण्टमा अ ल्या रकम रु४१६१०२ रकम देखिन्छ भने वैंक नगदी किताबमा अ ल्या रकम नै देखिदैन । सो हिसाव यकिन गर्नुपर्दछ ।	४१६,१०२
४.२			यस गाँउपालिकाले कोभिड-१९ तथा प्रकोप व्यवस्थापन को नियन्त्रण रोकथाम तथा उपचारको लागि यो वर्ष निम्नअनुसार रु.७२४७४७। खर्च भएकोमा कोरोना प्रभावित व्यक्ति बस्न छाडेपछि त्यसको सदुपयोग गर्ने कार्यविधि बनाएको छैन । त्यसैगरी खरिद भएका औषधि एवं उपकरणको प्रयोग सम्बन्धमा कुनै कार्यविधि नबनेकोले यसको प्रभावकारी सदुपयोग भएको भन्न सक्ने अवस्था छैन । कोभिड-१९ को विरामीको अद्यावधिक अभिलेख नरहेकोले विश्लेषण गर्न सकिएन । कोप व्यवस्थापन को नियन्त्रण रोकथाम तथा उपचारको लागि यो वर्ष भएको खर्चको लेखापरिक्षण गर्दा देखिएका व्यहोरा निम्न छन्: खर्चको विवरण	

वजेट तथा आम्दानोको स्रोत	प्रप्त रकम	खर्च शिर्षक	खर्च रकम
संघिय सञ्चित कोषबाट	०	कोभिड१९ मा खटिने कर्मचारीको जोखम भत्ता	१४७६४४।
गत आ व को अल्या		पारिश्रमिक	४००००।
प्रदेश कोषबाट	०	उपचार खर्च	६००००।
स्थानिय तहको आफ्नै वजेटबाट विनियोजनबाट	१००००००।	यातायात तथा ढुवानी	१००६३३।
जनसहभागिता बाट	०	आईसोलेसन व्यवस्थापन तथा औषधिजन्य सामाग्री खरिद	२६४६४५।
अन्य स्रोतबाट	०	विविध	३६१५९।
		सरसफाई	७५६६६।

		बाकि	२६८०२१।
जम्मा	१००००००		१००००००

यस आर्थिक वर्षमा गा पा ले बजेट स्रोत बाट रु १००००००। विनियोजन गरि रु ७२४७४७। खर्च गरि बाकि २७५२५३। ।रकम रहेको देखिन्छ।

४.३ यस आ ब मा भएको कारोबार अनुसार तपशिल अनुसारका कर दाखिला गर्न बाकि रकम दाखिला गरि सोको प्रमाण पेश गर्नु पर्ने ७,६८७

कर शिर्षक	रकम
अग्रम आय कर	३३९२
अन्य बहाल कर	४००
सामाजिक सुरक्षा कर	३८९५.६५
जम्मा	७६८८

क्रम	कर्मचारीको/फर्म/संगठन नाम	असुली रकम
४.३.१	सूर्यगढी गा पा	७,६८७.६५

५ **आन्तरिक नियन्त्रण**

५.१ स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था गरेको छ। त्यस्तै स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ।यस स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् । वजेट व्यवस्थापनतर्फ

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको
- स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको पाईएन।
- दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार नगरेको
- स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना गरे नगरेको
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

भ्रमण खर्च व्यवस्थापनतर्फ

- भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित गरे नगरेको, नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको

खरिद व्यवस्थापन तर्फ

- स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको
- सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको
- सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी नभएको।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको।
- उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरे नगरेको, गरेको भए अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार नगरेको ,

			• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्याकंन नगरेको, • स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राखे नराखेको परीक्षण गर्ने शिक्षातर्फ • स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको । • शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको, • संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको, **विविध तर्फ** • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. नगरेको । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी नरहेको, • म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेकोल • कार्यलयमा आन्तरिक लेखापरिक्षण शाखा नरहेको	
५.२			बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । यस सम्बन्धमा म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख राखेको देखिएन।	
५.३			कार्यालयमा लेखा प्रणालि व्यवस्थापन गर्न SUTRA प्रणालि लागु गरिएको छ सो बाहेक अन्य कुनै सुचना प्रविधि प्रणाली प्रयोग गरिएको छैन।	
५.४			म.ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्दतिः सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था गरिएको भएता पनि प्रयोग नभएको।	
६			**वित्तीय विवरण विश्लेषण** ।वित्तीय विवरण – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् • सुत्रले तयार गरेको म.ले.प.फा.२७२ को तथ्यांकमा आय व्यय तर्फ गत वर्षको जिम्मेवारी सारेको रु.२८०८९९५२।०० देखिएकोमा सुत्रकै अनुसुची १० संचित कोष अवस्थामा २४०४८००३।०० देखाएको छ । जसले गर्दा श्रेष्ता भन्दा वैकमा रु ४०४११४९।०० घटी जिम्मेवारी सारेको छ। यस सम्वन्धमा विगत वर्षदेखिनै हिसाव मिलान नभएको र पटक पटक वेरुजू लेखेकोमा हालसम्म सुधार नभएकोले वैक रिकन्सिलिएसन तयार गरी हिसाव मिलान हुनुपर्ने देखिन्छ । • म.ले.प.फा.नं.२७२ को अनुसूची २१ मा संघीय सरकारको फिर्ता गर्न बाँकी रकम रु. २७८४९४९८.३८ तथा प्रदेश सरकारको रु. ९८२०१९६.५० गरी जम्मा फिर्ता गर्नुपर्ने रु. ३७६६९६१४.८८ लेखापरीक्षण अवधिसम्म फिर्ता गरेको छैन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि स्थानीय तह धरौटी खातामा रु ४१३२७३९।०० तथा स्थानीय तह प्रकोप व्यवस्थापन कोषमा रु २८२९४०।६५ मौज्दात रहेको पाईयो । • पालिकाले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचाको पुर्ण प्रयोग गरी प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	

७			**खर्च विश्लेषणः** खर्च विश्लेषण – पालिकाको वित्तीय प्रतिवेदन अनुसार यस बर्ष आन्तरिक श्रोतबाट रु.३७८४०००।०० राजस्व बाँडफाँड रु. ६६७८३२३४.३७ र अनुदानबाट रु. २९५५६२००।०० समेत पालिकाको संचितकोषको आम्दानी रु.३६२३४५२३३.९६ भएकोमा पालिका चालुतर्फ रु.१९०७६४५३१.१९ र पूँजिगततर्फ रु. १३०२४९८८७.३ समेत रु.३२१०१४४१८.४९ खर्च भएको छ । यस सम्बन्धी देखिएका व्यहोराहरु देहायअनुसार रहेका छन् – • पालिकाको कुल आम्दानीको तुलनामा राजश्व बाँडफाड १८.४३ प्रतिशत, आन्तरिक श्रोत १.०४ प्रतिशत र अन्य अनुदानको हिस्सा ७८.७९ प्रतिशत रहेको छ । • पालिकाको यस बर्षको कुल बजेट खर्चको तुलनामा चालुतर्फ ५९.१५ प्रतिशत र पुँजीगततर्फ ४०.५८ प्रतिशत रहेको छ । • कुल चालुखर्चमध्ये पारिश्रमिक तथा सुविधामा रु. १११७०३४२२।०० अर्थात आन्तरिक आयको तुलनामा २९५ प्रतिशत रहेको देखिन्छ । • यस वर्ष करार सेवामा रु.६६०१०८०।०० खर्च गरेको छ । आन्तरिक आय अत्यन्त न्यून भएको अवस्थामा करार सेवामा कर्मचारी नियुक्ति गरी खर्च लेख्दा थय व्ययभार परेको छ । यसबाट पालिकाको आन्तरिक आयभन्दा अधिक रकम प्रशासनिक प्रयोजनमा खर्च भएको देखिन्छ । तसर्थ पालिकाले आन्तरिक आयको दायारा फराकिलो बनाउने तथा प्रशासनिक खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ । त्यसैगरी संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
८			**कानून निर्माण** कानून र सञ्चालन स्थिति– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्य विधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ ।जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस गाउँपालिकाले हालसम्म ६ वटा ऐन, ३ वटा नियमावली, ३ निर्देशिका र २४ वटा कार्यविधि लगायत २४ वटा कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । साथै गाउँपालिकाले २४ वटा कानूनहरू निर्माण गरी सभा कार्यपालिकाबाट स्वीकृत गरी उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरेको छैन् । उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।	
९			**न्यायिक समिति** न्यायीक समिति– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ ।यस वर्ष समितिमा कुनै पनि मुद्धा नपरेको भन्ने जानकारी दिएको छ, भने न्यायिक समितिको कक्ष पनि सक्रिय नभएको देखिन्छ। गत सालको वांकी १४ वटा मुद्धा फस्र्यौट गर्न नै वांकी रहेको छ तसर्थ पालिकाले न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।	
१०			**अनुदान फिर्ता** **क्रम** | **कर्मचारीको नाम** | **असुली रकम** १०.१ | मिति **२०७९-८-१८** मा **धनेन्द्र भुजेलवाट उक्त रकम वंक दाखिला भई** सम्परीक्षण हुन मनासिब देखि फस्र्यौट गरिएको | ३,७६,६९,६१४.८८	
११			**वजेट तथा अख्तियारी** बजेट तथा कार्यक्रम तर्जुमाः स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ । योजना छनौट एवं सञ्चालन गर्दा संघीय सरकार, प्रदेश सरकार अन्तर्गतका निकायबाट सञ्चालित योजना र गाउँपालिकाबाट सञ्चालित योजनाबीच दोहोरोपना हुन नदिन आवश्यक समन्वय सहयोगको प्रणाली स्थापित गरी कार्य गर्नुपर्नेमा सो भए गरेको देखिएन । यस वर्ष गाउँसभाबाट स्वीकृत भई बजेट विनियोजन भएका कतिपय योजनामा प्रदेश तथा केन्द्रीय वजेटवाट र कतिपय कार्यक्रममा गाउँपालिकावाट समेत थप बजेट छुट्याएको देखिएबाट योजनामा बजेट दोहोरो परेको अवस्था छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहोरो रूपमा सञ्चालन नगरी बजेट एकै ठाउँबाट सञ्चालन गर्ने व्यवस्थाको लागि विगतको समेत अभिलेख अद्यावधिक हुन जरूरी देखिएको छ ।	
१२			**चौमासिक खर्च** चौमासिक पूँजीगत खर्चः प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि ३ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नु पर्दछ।	

बजेट	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रे चौमासिक	
संघीय, प्रदेश	१३०२४९८८७	७७१४७२२	११५९६३५५	११०९३८८१०७	६२४८२७६४
खर्च प्रतिशत	१००	०.०६	८.९	८५.१७	३८.१४

१३ **क्षेत्रगत वजेट**

क्षेत्रगत वजेट गाउँपालिकाको क्षेत्रगत रूपमा कुल बजेट ३९ करोड ४३ लाख २३ हजार र खर्च ३२ करोड १० लाख १४ हजारको आधारमा समग्र रूपमा ८१.४ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्च प्रगति निम्नानुसार रहेको छ ।पालिकाले क्षेत्रगत वजेट तर्जुमा गर्दा सन्तुलित आधारमा गर्नुपर्दछ ।

क्र स	क्षेत्रगत बजेट	बजेट रकम रू	खर्च रकम रू	खर्च प्रतिशत
१	आर्थिक विकास	१,७७,५४,७०७	१,५६,७२,४४०	८८.२७
२	सामाजिम विकास	२०,९२,००,०००	१७,१५,७४,०५७.६२	८२.०१
३	पूर्वाधार विकास	९,२३,६६,०००	७,२०,३५,१०७	७७.९८
४	सुशासन विकास	५३,८७,०००	२९,३६,३१७	५४.५१
५	कार्यालय संचालन तथा प्रशासनिक	६,९६,१६,०००	५,८७,९६,४९६.८७	८४.४६
जम्मा रू		३९,४३,२३,७०७	३२,१०,१४,४१८.४९	८१.४

१४ **तलवी प्रतिवेदन**

निजामती सेवा कानून वमोजिम तलवि प्रतिवेदन पारित गरी तलवभत्ता भुक्तानी दिनुपर्नेमा यस आर्थिक वर्षमा कर्मचारी तलवमा रु ११३७०९९३।०० खर्च लेखेको छ । तलवी प्रतिवेदन पारित वेगर तलव भत्ता भुक्तानी दिएकोले तलव तथा ग्रेड संख्या यकिन गर्न सकिएन ।

१५ **कर्मचारी प्रोहोत्साहन**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष प्रोत्साहन भत्ता वापत रु १७१३२६८।०० खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाले सभाबाट निर्णय गरी प्रोहोत्साहन भत्ता भुक्तानी दिएको छ । कार्यसम्पादनको सूचक निर्माण गरी प्रोहोत्साहन भत्ता वितरण गर्नु पर्दछ ।

१६ **नगर प्रहरी** ६१०,९४८

पालिकाले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८३ बमझोजिम संठगन तथा व्यवस्थापन सभाबाट स्वीकृत गराई नगर प्रहरी नियुक्ति गर्न पाउने व्यवस्था छ । गाउँ सभाबाट उक्त संठगन तथा व्यवस्थापन र स्वीकृत दरवन्दी सम्बन्धी निर्णय भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन । उक्त ऐनमा दरबन्दी प्रस्ताव तयार गर्दा सेवा करारका लागि चाहिने तलव, भत्ता तथा योगदानमा आधारित सामाजिक सुरक्षा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरवन्दी प्रस्ताव गरी नियुक्ती गर्नु पर्ने उल्लेख छ । आर्थिक वर्ष २०७८।७९ को आन्तरिक आय रु ३७८४०००।०० भएकोमा २२ जना नगर प्रहरी २०७८ माघमा नियुक्ति गरी यस वर्ष रु २२४०१४१।०० खर्च लेखेको छ । २०७८।१।१० को गाउँ कार्यपालिकाको बैठकको निर्णय नं ३ क ले १ जना प्रहरी संयोजक र १५ जना नगर प्रहरी जवान नियुक्ती गर्ने भनी निर्णय गरेकोमा २२ जना नियुक्ती गरेको पाइयो । आन्तरिक श्रोतको सुनिश्चितता गरी आन्तरिक श्रोतबाट भुक्तानी दिने गरी आवश्यकताका आधारमा मात्र नगर प्रहरी मितव्ययी हुने गरी नगर प्रहरी नियुक्ति गर्नुपर्नेमा आन्तरिक आय अत्यान्त न्युन भएको अवस्थामा समेत २२ जना नगर प्रहरी नियुक्ती गरिएको छ । सभाबाट निर्णय भएभन्दा बढी ७ जना नियुक्ती गरी रु ६१०९४८।०० भुक्तानी गरिएको नियमसम्मत नदेखिएको रु

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>१६.१</td><td>नगर प्रहरी नियुक्ती</td><td>६,१०,९४८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>आन्तरिक आय
कर दस्तुर एवं आन्तरिक आय २१ आन्तरिक आयः स्थानिय सरकार सञ्चालन ऐन,2074 को दफा 54 अनुसार स्थानीय तहले आफ्नो क्षेत्र भित्र कानून अनुसार कर लगाउने तथा असुल गर्न सक्ने व्यवस्था रहेको छ। जस अनुसार गाउँपालिकाले यस वर्ष एकीकृत सम्पत्ति करतर्फ ६० प्याड तथा नगदी रसिदमा ८० प्याड वडाका विभिन्न कर्मचारीलाई दिएकोमा क्रमशः ५२ प्याड र नगदी रसिद ५९ प्याड खर्च भई वांकी २९ थान रसिद वांकी देखिएको छ उक्त रसिदवाट जम्मा राजस्व आम्दानी रू १४ लाख ९७ हजार आम्दानी गरेको देखिन्छ ।तर राजस्व तर्फको वैक स्टेटमेण्ट परीक्षण गर्दा रु.३७८४०००।०० आम्दानी जनाएको छ । पालिकाले रसिद नियन्त्रण खाता व्यवस्थित तवरले नराखेको कारणले कति राजस्व असुली भएको हो कति प्रयोग भएको हो एकिन गर्न सकिएन, सम्वन्धित कर्मचारीलाई जिम्मेवार वनाउनुपर्दछ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>व्यवसाय कर
व्यवसाय कर – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनू पर्ने व्यवस्था रहेको छ ।यस वर्ष गाउँपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कुनै कर संकलन गरेको छैन। गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन ।तसर्थ गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>बढी स्टेशनरी खर्च
अर्थ मन्त्रालयद्धारा जारी भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७ बमोजिम कुनै पनि तालिम,गोष्टी लगायतका कार्यक्रममा सहभागि स्टेशनरी वापत प्रतिव्यक्ति रु १०० खर्च गर्न पाउने व्यवस्था छ। पालिकाबाट देहायका कर्मचारीहरु तथा संस्थाले लिएको भुक्तानीमा सहभागी स्टेशनरी वापत प्रतिव्यक्ति रु १८० देखि रु २०० सम्म भुक्तानी भएकोले प्रतिव्यक्ति बढी भुक्तानी असुल हुनुपर्ने रु
<table>
<tr><th>भौचर नं</th><th>कार्यक्रम</th><th>पेश्की लिने व्यक्ति</th><th>सहभागी संख्या</th><th>बढी भुक्तानी</th></tr>
<tr><td rowspan="4">५७३</td><td>पोषण</td><td rowspan="4">नरेन्द्रमान डंगोल</td><td>२०</td><td>२०००</td></tr>
<tr><td>क्षयरोग तालिम</td><td>१९</td><td>१५२०</td></tr>
<tr><td>योजना तर्जुमा गोष्ठी</td><td>२०</td><td>३६००</td></tr>
<tr><td>DHIS-2 तालिम</td><td>१८</td><td>३२४०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>१०३६०</td></tr>
</table>
</td><td>१०,३६०</td></tr>
<tr><td>२०</td><td></td><td></td><td>सवारी लगबुक
सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड २०७८ को दफा १० बमोजिम सवारी साधनको प्रयोग गर्दा अनिवार्य रुपमा लगवुक भर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका मिति र भौचर बाट ईन्धन खर्चको भुक्तानी दिएको छ भने कुनै समयमा पनि लगवुक भरेको पाइएन। लगबुक वेगरको इन्धनको भुक्तानी सम्बन्धमा सवारी लगवुक पेश सहित नियमित हुनुपर्ने रु
<table>
<tr><th>भौ.न/मिति</th><th>आपूर्तक</th><th>रकम</th></tr>
<tr><td>५।२०७८।५।२९</td><td>बनदेवी सप्लायर्स</td><td>२९९६०८</td></tr>
<tr><td>३०४।२०७८।१२।०२</td><td>बनदेवी सप्लायर्स</td><td>३०००१८</td></tr>
</table>
</td><td>७९९,६७४</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>३९७।२०७९।२।१०</td><td>बनदेवी सप्लायर्स</td><td>२०००४८</td></tr><tr><td></td><td>जम्मा</td><td>७९९६७४</td></tr></table></td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>विज्ञापन
विज्ञापन सम्बन्धी सेवा लिदाँ पालिकाले प्रतिस्पर्धा मार्फत खरिद गर्नुपर्दछ। विभिन्न अन्य कार्यालय तथा पालिकामा विभिन्न राष्ट्रिय तथा स्थानीय स्तरका पत्रिकामा विज्ञापन दिदाँ २५ प्रतिशत छुट दिने अभ्यास रहेको पाइन्छ। यस सूर्यगढी गाउँपालिकाले आर्थिक वर्ष २०७८।७९ मा विज्ञापनमा रु १८४७०००।०० खर्च गरेको पाइयो। विज्ञापन छपाई वापत १५ प्रतिशत मात्र छुट लिने गरेको पाइयो। ठुलो मात्रामा विज्ञापन खर्च लागेकोले पालिकाले प्रतिस्पर्धात्मक विधिबाट कार्य गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>अनुत्पादक तथा वितरणमुखि खर्च
सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.१२८८९७३।०० खर्च गरेको देखिन्छ।<table><tr><td>भौ.नमिति</td><td>आपूर्तक</td><td>वापत</td><td>रकम</td></tr><tr><td>९३</td><td>गणेश युवा क्लव</td><td>दशै तिहार कार्यक्रम</td><td>१५००००</td></tr><tr><td>१७९</td><td>आमभन्ज्याङ खेल मैदान</td><td>साँकृतिक कार्यक्रम</td><td>१९००००</td></tr><tr><td>४११</td><td>मायादेवी ट्रेड कन्सर्न</td><td>ज्येष्ठ नागरिक ब्ल्याङकेट खरिद</td><td>४६२०००</td></tr><tr><td></td><td>सुहाना एण्ड सारा सप्लायर्स</td><td>ज्येष्ठ नागरिक ब्ल्याङकेट खरिद</td><td>४८६९७३</td></tr><tr><td></td><td>जम्मा</td><td></td><td>१२८८९७३</td></tr></table>यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>सक्कल विल
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्च गर्दा खर्चका विल भर्पाइ सहित लेखा राखी रीत पुगे नपुगेको यकिन गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले देहायका मिति र भौचरबाट भुक्तानी भएकोमा सक्कल विल समावेश नगरी भुक्तानी दिएको पाइयो। सक्कल विल पेश हुनुपर्ने रु<table><tr><td>भौ.न/मिति</td><td>आपूर्तक</td><td>वापत</td><td>रकम</td></tr><tr><td>१४।२०७८।५।२१</td><td>डिप सर्जिकल सप्लायर्स</td><td>औषधी तथा सर्जिकल सामान</td><td>१९९०७७</td></tr><tr><td>१७३।२०७८।९।८</td><td>रिलेसन ग्रुप प्रालि</td><td>विज्ञापन</td><td>१४५२२७</td></tr><tr><td></td><td>जम्मा</td><td></td><td>३४४३०४</td></tr></table></td><td>३४४,३०४</td></tr>
<tr><td>२४</td><td></td><td></td><td>फरक शिर्षकमा खर्च
एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ बमोजिम जुन शिर्षकमा बजेट विनियोजन भएको हो सोही शिर्षकमा मात्र खर्च गर्न मिल्ने व्यवस्था छ। पालिकाले देहायका मिति र भौचरबाट बिनियोजन भएको शिर्षकभन्दा फरक शिर्षकमा खर्च गरिएको छ। बिनियोजन भएको शिर्षकभन्दा फरक शिर्षकमा गरिएको खर्च नियमसम्मत नदेखिएको रु<table><tr><td>भौ.न/मिति</td><td>खर्च हुनुपर्ने शिर्षक</td><td>खर्च भएको शिर्षक</td><td>रकम</td></tr></table></td><td>८४५,८२४</td></tr>
</table>

			<table><tr><td>११५</td><td>भ्रमण</td><td>मेसिनरी औजार मर्मत</td><td>११७२२४</td></tr><tr><td>३१३</td><td>कक्षा ८ को परीक्षा</td><td>सरकारी समिति तथा वोर्डहरुलाई नि शर्त अनुदान</td><td>२५००००</td></tr><tr><td>५८३</td><td>कक्षा १-८ को स्थानीय पाठ्यक्रम</td><td>सरकारी समिति तथा वोर्डहरुलाई नि शर्त अनुदान</td><td>४२००००</td></tr><tr><td>५९५</td><td>बैठक भत्ता</td><td>सरकारी समिति तथा वोर्डहरुलाई नि शर्त अनुदान</td><td>५८६००</td></tr><tr><td colspan="3">जम्मा</td><td>८४५८२४</td></tr></table>	
२५			**एज विल्ट तथा प्रोग्राम अपडेट** General condition of contract अन्तर्गत SCC को GCC 56.3 मा कार्य सम्पन्न भए पश्चात निर्माण व्यवसायिले उक्त कामको एज विल्ट नक्सा पेश गर्नुपर्ने अन्यथा रु ५०००।०० रोक्का राख्ने व्यवस्था छ । त्यस्तै गरी General condition of contract अन्तर्गत SCC को GCC 26.3 मा निर्माण व्यवसायीले कामको १५/१५ दिनमा Programme update पेश गर्नुपर्ने अन्यथा रु ५०००।०० कट्टा गर्ने व्यवस्था छ । पालिकाले देहायका ठेक्कामा निर्माण व्यवसायीसँग एज विल्ट नक्सा र प्रोग्राम अपडेट दुबै पेश नभएकोले उक्त निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु <table><tr><td>आयोजना</td><td>निर्माण व्यवसायी</td><td>एज विल्ट</td><td>प्रोग्राम अपडेट</td><td>जम्मा रकम</td></tr><tr><td>अधेरी खोला जमुने खानेपानी</td><td>केरावारी कन्सट्रक्सन</td><td>५०००</td><td>५०००</td><td>१००००</td></tr><tr><td>फलाटेदेखि काउले सम्म गापा सडक</td><td>नव जानुकादेवी कन्सट्रक्सन</td><td>५०००</td><td>५०००</td><td>१००००</td></tr><tr><td>साविक वागेश्वरी वडा नं १ मरुडाडाँ पुल्चेत एक घर एक धारा</td><td>केरावारी कन्सट्रक्सन</td><td>५०००</td><td>५०००</td><td>१००००</td></tr><tr><td colspan="4">जम्मा</td><td>३००००</td></tr></table>	३०,०००
२६			**कार्यसम्पन्न प्रतिवेदन** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा निर्माण कार्य सम्पन्न भए पश्चात कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले ठेक्कामार्फत देहायका साइजका पाइपहरु खरिद गरि नेपाल सिन्टेक्स हाउसलाई भौचर नं ८०।२०७८।१२।१ मा रु २३२८१३९।०० भुक्तानी दिएको छ । खरिद गरिएका पाइपहरु २०७ घरधुरीलाई इस्टिमेटका आधारमा जिन्सी शाखाबाट बुझाएको पाइयो । उक्त पाइपहरु जडान भएको नापी तथा कार्यसम्पन्न प्रतिवेदनहरु भने पेश भएको छैन । उक्त कार्यको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु <table><tr><td>पाइपको विवरण</td><td>मिटर</td></tr><tr><td>HDPE 10kg PN10</td><td></td></tr><tr><td>20mm</td><td>5500</td></tr><tr><td>25mm</td><td>16700</td></tr><tr><td>32mm</td><td>5500</td></tr></table>	२,३२८,१३९

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>HDPE 6kg PN10</td><td></td></tr>
<tr><td>32mm</td><td>2000</td></tr>
<tr><td>40mm</td><td>2000</td></tr>
<tr><td>50mm</td><td>2000</td></tr>
<tr><td>63mm</td><td>1500</td></tr>
<tr><td>HDPE 4kg PN6</td><td></td></tr>
<tr><td>75mm</td><td>500</td></tr>
<tr><td>110mm</td><td>500</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>
परामर्श सेवा
सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु.४५१४५७६।०० खर्च लेखेको पाइयो। पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन। लेखापरीक्षणको क्रममा उक्त परामर्श सेवाको लागत अनुमान समेत पेश नभएकोले एकिन गर्न सकिएन। प्रतिस्पर्धात्मक विधिबाट खरिद ऐन नियमको पालना गरी प्याकेज बनाई खरिद कार्य गर्नुपर्नेमा सो नगरी सोझै खरिद गरेको नियमसम्मत देखिएन। प्रतिस्पर्धा मार्फत खरिद गर्नु पर्दछ।
<table>
<tr><td>भौ.न</td><td>परामर्शदाता</td><td>आयोजना</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>२४८</td><td>RRM इन्जिनियरिङ</td><td>फुटवल स्टेडियम गैरीखर्क</td><td>११९५५४०</td></tr>
<tr><td>६</td><td>अक्सरा इन्जिनियरिङ कन्सल्टेन्सी</td><td>नयाँ चौतारादेखि न्यु चण्डिका सम्म मोटरबाटो</td><td>८२७३८६</td></tr>
<tr><td>५१</td><td>माँ सोना शक्ति इन्जिनियरिङ</td><td>भण्डारे मोटरेबल पुल</td><td>१२४३०००</td></tr>
<tr><td>५१</td><td>म्याक्स कन्सलटेन्सी प्रालि</td><td>रातामाटे छेदन जाने मोटरेवल पुल</td><td>१२४८६५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>४५१४५७६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>ल्याव टेस्ट
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ बमोजिम कुनै रकम भुक्तानी दिदाँ खर्चका विल भर्पाइ राखी भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले फलाटे देखि काठले सम्म गा पा सडडक स्तरोन्नतीको ल्याव टेस्टको विल पेश नभई नव जानुकादेवी कन्सट्रक्सन एण्ड सप्लायर्स लाई रु ५००००।०० भुक्तानी दिएको पाइयो। विजक वेगरको भुक्तानी असुल हुनुपर्ने रु</td><td>५०,०००</td></tr>
<tr><td>२९</td><td></td><td></td><td>बढी भुक्तानी
खानेपानी विभागको नर्म्स २०५० बमोजिम पाइपलाइनका लागि खन्ने पुर्ने काम ०.४५ मिटर चौडाइमा हुने उल्लेख छ। तर पालिकाले अधेरी खोला जामुने देउराली डाँडा खानेपानी योजनाका लागि केरावारी कन्सट्रक्सनको नाममा भुक्तानी दिदाँ देहायका आइटममा उक्त नर्म्स भन्दा बढी राखी भुक्तानी दिएको देहायको रकम असुल हुनुपर्ने रु</td><td>१२२,८००</td></tr>
</table>

काम	हुनुपर्ने परिमाण	भुक्तानी परिमाण	बढी परिमाण	दर	बढी भुक्तानी
hdpe 40mm10kg खन्ने	२९७	३६३	६६	४००	२६४००
hdpe 50mm10kg खन्ने	१०८३	१३२४	२४१	४००	९६४००
		जम्मा			१२२८००

३०

सोझै खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा चैत्रसम्म रु ५ लाखसम्म र चैत्र भन्दा पछि रु. १० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार सोझै खरिद गरेको नियमित देखिएन । यस्तो खरिद गर्दा प्याकेज बनाई प्रतिस्पर्धा मार्फत खरिद गर्नुपर्दछ ।

भौ.न/मिति	आपूर्तक	वापत	रकम
९९।२०७८।७।१६	कालिका छापाखाना अपसेट प्रेस	मसलन्द	४३५०५०
१०१।२०७८।७।१६	कालिका वुक्स एण्ड स्टेशनरी	मसलन्द	४९१४३१
१०२।२०७८।७।१६	भैरवी प्रिन्ट्स	मसलन्द	९९८९२
२०७।२०७८।९।१२	विभिन्न	मसलन्द	७९९२९३
४७९।२०७९।३।१३	कालिका बुक्स एण्ड स्टेशनरी	मसलन्द	४४९३४४
६०३।२०७९।३।२५	कालिका बुक्स एण्ड स्टेशनरी	मसलन्द	१३४७५२
६०५।२०७९।३।२५	भैरवी प्रिन्ट्स	मसलन्द	४९२०९८
	जम्मा		२९०१८६०

३१

वि ओ क्यु भन्दा बढी परिमाणमा भुक्तानीः

केरावारी कन्सट्रक्सन एण्ड सप्लायर्स प्रालि र पालिकाबिच रु ४०३४१०५।२९ मा कार्य सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएको छ । भुक्तानी दिदाँ वि ओ क्यु मा भन्दा बढी परिमाणमा भुक्तानी दिएको पाइयो । पालिकाले डि पि आर अनुसार ठेक्का गरेको र लिफ्ट खानेपानी गर्ने गरी डि पि आर भएकोमा यस आयोजनामा लिफ्ट आवश्यक नपर्ने हुदाँ वितरणको कार्य थप भएको जनाएको छ । एकातर्फ वि ओ क्यु मा उल्लेख भएकै हारहारीमा पाइप खरिद भएको छ भने अर्कोतर्फ खन्ने पुर्ने कार्य भने अत्यान्तै बढेको छ । पालिकाले सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम भेरियशन आदेश समेत जारी गरेको छैन । पालिकाले भुक्तानी दिएका ठेक्काको कुनै पनि योजनामा कार्यस्वीकार प्रतिवेदन पेश भएको छैन र कार्यालय प्रमुखको प्रमाणित कागजात पनि संलग्न नगरी भुक्तानी दिएको पाइयो । अत: वि ओ क्यु मा उल्लेख भएको परिमाण भन्दा बढी भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु १,४५७,२००

आइटम नं	काम	BOQ परिमाण	भुक्तानी परिमाण	बढी परिमाण	BOQ दर	रकम

७३	नरम माटो खन्ने काम	८३५	३४७०	२६३५	४००	१०५४०००
७४	ब्याकफिलिङ	४१३	२४२९	२०१६	२००	४०३२००
जम्मा						१४५७२००

३२ **ज्येष्ठ नागरिक सम्मान**

ज्येष्ठ नागरिक सम्मान कार्यक्रम वापत पालिकाले यस वर्ष रु १००००००।०० बजेट बिनियोजन गरेको छ। ८० बर्ष माथिका नागरिकलाई सम्मान गर्ने कार्यक्रम रहेकोले ३८० थान ब्ल्याङकेट विभिन्न २ आपूर्तक वाट खरिद भएको छ। पालिकाले मायादेवी ट्रेड कन्सर्न लाई १८५ थान ब्ल्याङकेट खरिद वापत रु ४६२०००।०० र सुहाना एण्ड सारा सप्लायर्स लाई १९५ थान ब्ल्याङकेट खरिद वापत रु ४८६९७३।०० गरी रु ९६६९७४।०० भुक्तानी दिएको छ। सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम रु ५ लाख सम्मको मात्र सोझै खरिद गर्न सकिने व्यवस्था रहेकोमा पालिकामा १० लाख वजेट विनियोजन भएकोमा सिलबन्दी बोलपत्र मार्फत खरिद गर्नुपर्नेमा २ टुक्रा पारी प्रतिस्पर्धा छल्ने उद्देश्यले सोझै खरिद गरेको नियमसम्मत देखिएन। खरिद गर्दा प्रतिस्पर्धात्मक विधि अपनाई खरिद गर्नुपर्दछ।

३३ **BOQ भन्दा बढी भुक्तानी** ३,८४६,३४०

पालिकाले यस आयोजनाका लागि डि पि आर का आधारमा ठेक्का आह्वाहन गरेको जनाएको छ। यस आयोजनामा इलेक्ट्रिकल काम, समरसेवल पम्प लगायतका कार्य सहित लिफ्ट खानेपानीको कार्य गर्ने गरी वि ओ क्यु मा आइटमहरु रहेका छन। पालिकाले लिफ्ट खानेपानी आवश्यक नपर्ने हुदाँ उक्त कार्य घटाई वितरणको काम बढाएको जनाएको छ। पालिकाले केही वि ओ क्यु मा नभएका आइटम हरु राखी (केरावारी कन्सट्रक्सन)कन्ट्याक्टरलाई भुक्तानी दिएको छ र उक्त आइटमको दर कसरी निर्धारण भयो सो समेत खुल्दैन। सार्वजनिक खरिद नियमावली २०६४ अनुसार कारण खुलाई भेरियसन आदेश जारी गरी कार्य गर्नुपर्नेमा सो गरेको पाइएन। General condition of contract अनुसार वि ओ क्यु मा उल्लेख कुनै पनि आइटम सम्झौता अंकको २ प्रतिशत वा सोही आइटमको २५ प्रतिशत भन्दा बढी परिमाण बढेमा Rate Negotiation गर्नुपर्नेमा गरेको पाइएन। उक्त कार्य नियमित नदेखिएको रु

आइटम नं	काम	BOQ परिमाण	भुक्तानी परिमाण	बढी परिमाण	BOQ दर	रकम
२	नरम माटो खन्ने काम	२२००	५७५०	३५५०	५७०	२०२३५००
४	ब्याकफिलिङ	२०००	४०२५	२०२५	२००	४०५०००
BOQ मा नभएको थप	32mm10kghdpe	०	८३००	८३००	७०	५८१०००
72	25mm16kg hdpe	३८०६	६९५०	३१४४	६०	१८८६४०
60	hppe DN20 pN 16	५०००	१४३५२	९३५२	३५	३२७३२०
59	water meter 1/2"	२४६	३१२	६६	१२००	७९२००
58	brass tap1/2""	२४६	३१२	६६	९००	५९४००
54	GI union 1/2''	४९२	१२४८	७५६	१८०	१३६०८०
52	Gate valve 1/2"	२४६	३१२	६६	७००	४६२००

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>३८४६३४०</td></tr></table></td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>ICT LAB अनुदान सम्बन्धमा
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ अनुसार ICT (कम्प्युटर, ईन्टरनेट, कनेक्टिभिटि ईक्युपमेन्ट तथा kits खरिद) को खरिदका लागि रु ६५०००० दिने व्यवस्था छ । पालिकाले कार्यान्वयन पुस्तिकाले तोकिएका विवरण खुल्नेगरि प्रस्ताव पेश गर्ने र प्रस्तावहरु मूल्याङ्कन गरि विद्यालय छनौट गर्ने व्यवस्था छ तर पालिकाले यसलाई पुरा नगरि अनुदान दिएको पाईयो र ICT मा प्रयोग हुने समानहरु खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली तथा विद्यालय खरिद दिग्दर्शन अनुसारका प्रक्रियाहरु पुरा गरी सामाग्री खरिद गर्नुपर्ने तर यसमा खरिद प्रक्रिया पुरा नगरेको देखियो सुधार गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>विद्यार्थि सङ्ख्याभन्दा बढि सहयोगी सहजकर्ता
प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्युनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को प्रथम संशोधन २०७५ बमोजिम न्युनतम विद्यार्थि संख्या २५ जना सम्म १ जना र २५ जना भन्दा माथि भएमा थप बालविकास सहयोगी कार्यकर्ता (ECD) राख्नपाउने व्यवस्था छ। तर यस पालिका अन्तर्गत सञ्चालित देहायका विद्यालयले नियमविपरीत थप १ जना सहयोगी कार्यकर्ता राखेकोले राज्यलाई थप ४५९००० व्ययभार पर्ने देखिएकोले नियमित गर्नुपर्ने रु…..
<table>
<tr><th>विद्यालयको नाम</th><th>विद्यार्थि संङ्या</th><th>बढि ECD संङ्या</th><th>रकम</th></tr>
<tr><td>विनायक मा.वि</td><td>१४</td><td>१</td><td>१५३०००</td></tr>
<tr><td>कुण्डला आ.वि</td><td>२४</td><td>१</td><td>१५३०००</td></tr>
<tr><td>शिलाकन्यादेवी मा. वि</td><td>२३</td><td>१</td><td>१५३०००</td></tr>
<tr><td colspan="3">जम्मा (१३ महिनाको तलब र लुगा भत्ता सहित)</td><td>४५९०००</td></tr>
</table></td><td>४५९,०००</td></tr>
<tr><td>३६</td><td></td><td></td><td>छात्रवृत्ति रकम सम्बन्धमा
क. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ अनुसार सार्वजनिक विद्यालयमा अध्ययनरत कक्षा १ देखि ८ सम्मका छात्रा र दलित विद्यार्थिहरुलाई छात्रवृत्तिदिने व्यवस्था छ । पालिकाले २०७८ को शैक्षिक सत्रमा वितरण गर्नुपर्ने छात्रवृत्ति रकम २०७९/३/२० मा विनियोजन भएको देखिन्छ यसरी वर्षको अन्त्यमा छात्रवृत्तिको रकम निकासा दिदा लाभान्वित वर्गले नपाउने सम्भावना भएकोले यसमा सुधार गर्नुपर्ने देखिन्छ।
ख. पालिकाले मिति २०७९/०३/२० भौचर न. १४५ बाट रु ५९२४०० रकम असार को अन्तिम महिनामा विभिन्न विद्यालयलाई निकासा गरेको तर छात्रवृत्ति वितरण गरेको प्रमाण नभएकोले पलिकाले स्पष्ट प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु ५९२४००</td><td>५९२,४००</td></tr>
<tr><td>३७</td><td></td><td></td><td>कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्तामा अनुदान सम्बन्धमा
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ अनुसार कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता रु ५०००० दिने व्यवस्था बमोजिम पालिकाले विभिन्न ५ विद्यालयलाई रु २५०००० दिएको छ। विविव्यसको निर्णय अनुसार शैक्षिक गुणुस्तर सुधारका क्षेत्र पहिचान गरी खर्च गर्नुपर्ने तर यस्ता क्षेत्र पहिचान नगरी खर्च गरेकोले यसलाई सुधार गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>सेनिटरी प्याड सम्वन्धमा
क. सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार प्रत्येक सामुदायीक विद्यालयका छात्रालाई निशुल्क सेनिटरी प्याड दिने व्यवस्था छ। पालिकाले सेनिटरी प्याड मिति २०७९/३/२५ मा ११६७५ प्याकेट (भ्याट बाहेक प्रति प्याकेट रु ७४.२) रु ९७८५३८ मा खरिद गरेको देखिन्छ यस्तो खरिद पक्रिया सार्वजनिक खरिद पक्रिया पुरा नगरि खरिद गरेको तोकिएको मापदण्डमा लम्बाई २४५.२mm रहेको नमुना छनौट गर्दा २४०mm देखिन्छ त्यसैले यसको गुणस्तरमा समेत आश्वासन हुन सकिएन र यस्तो स्वास्थ्यसँग संवेदनशिल विषयमा वर्षको अन्त्यमा खरिद गर्नु औचित्यपूर्ण नदेखिएकोले यसलाई सुधार गर्नुपर्ने देखिन्छ।</td><td>१७,५००</td></tr>
</table>

			ख. सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ दफा १९ को ४ बमोजिम यस शिर्षकमा खरिद गर्न बाहेक ढुवानी गर्न नपाईने व्यवस्था छ । पालिकाले सेनिटरी प्याड ढुवानीमा रु १७५०० खर्च लेखेकोहुदा उक्त खर्च नियमसंगत नदेखिएकोले नियमित गर्नुपर्ने रु…..	
३९			**तलबी प्रतिवेदन पारित नभएको** निजामती सेवा ऐन २०४९, अनुसार प्रत्येक स्वास्थ्य सेवा मा कार्यरत कर्मचारीहरुको जिल्लास्थित कोष तथा लेखा नियन्त्रण कार्यालयबाट तलबी प्रतिवेदन पारित गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले प्रतिवेदन पारित नगरि तलव खुवाईरहेको देखियो जसले गर्दा ग्रेड रकम र तलब यकिन गर्न सकिएन ।	
४०			**सप्टवेयर खरिदको अवस्था** पालिकाले EHIRRS सप्टवेयर जडान कार्यक्रममा सुचना प्रणाली तथा सप्टवेयर सञ्चालन खर्च भौचर न. ५२७ मिति २०७९/०३/१७ मा रु ९९४४०० रकम भुक्तानी दिएको छ । पालिकाले यो सप्टवेयर जडानको लागि सम्झौता अनुसार २०७९/०१/१७ काम सम्पन्न भएको तर आ. व. २०७९/०८० सम्म पनि सप्टवेयर सञ्चालन हुन नसकेकोले यसको उपादयेता देखिएन त्यसैले पालिकाले जडान गरेको EHIRRS सप्टवेयरको प्रभावकारि रुपमा सञ्चालन गर्नुपर्ने देखिन्छ ।	
४१			**स्वास्थ्य**	
४१.१	१२	२०७९-३-६	स्थानियतहमा विनियोजित शसर्त अनुदानको वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन आब २०७८।७९ अनुसार गा पा ले एक विद्यालय एक नर्स कार्यक्रमका लागि शसर्त चालु तर्फ एक दिने आखा शिविर कार्यक्रमकालागि भुक्तानि भएको खर्चको रु १३३६००। को विल भर्पाई पेश नभएको हुदा विल भर्पाइ पेश गर्नु पर्ने।	१३३,६००
४१.२	१७	२०७९-३-६	स्थानियतहमा विनियोजित सशर्त अनुदानको वार्षिक अनुदानको वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन आर्थिक वर्ष २०७८।०७९ अनुसार प्रति महिला स्वास्थ स्वयंसेविका रु २५०० का दरले वार्षिक दिनुपर्नेमा रु २५७३ जनालाई दिएकोमा ६८ जना लाई जनहि रु७३ ले वढी जम्मा रु ४९६४ भुक्तानी दिएको । नियमित गर्नु पर्ने ।	४,९६४
४२			**योजना कार्यान्वयनः** यस सम्वन्धमा देखिएका व्यहोरा निम्न छन्: ● योजना छनौट र सञ्चालनः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथामिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतीका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । यस वर्ष गाउँपालिकाको विनियोजन ऐन बमोजिम स्वीकृत भएका कुल ३०० योजनाहरू मध्ये रू ० देखि रू ५ लाख सम्मको २५६ वटा, रू ५ लाख देखि रू १० लाख सम्मको २५ वटा, रू १० लाख देखि रू २० लाख सम्मको १६ वटा, रू २० देखि रू ३० लाख सम्मको ३ गरी जम्मा २५६ वटा योजना रु. ५ लाख भन्दा कम बजेटको संचालन भएको देखियो । यस्ता वितरण मुखी कार्यक्रमलाई नियन्त्रण गर्नु पर्दछ । ● लक्ष्य प्रगतिः गाउँपालिकाले यसवर्ष ३०० योजना संचालन गर्ने लक्ष्य लिएकोमा २६२ योजना कार्यान्वयन भएकोमा २८ वटा योजना संचालन नै नभएको देखिन्छ। गाउँपालिकाले सञ्चालन गरेका योजनाको किसिम, योजना संख्या, उक्त योजनाहरूको लागत अनुमान आर्थिक वर्ष भित्र सम्पन्न कामको मूल्याङ्कन स्थिति एवं सम्पन्न अवस्था र चालु अवस्था सम्बन्धी विवरण पेश नगरेकोले योजनागत प्रगति सम्बन्धी विश्लेषण गर्न सकिएन।अत: छनौट भएका योजनाको किसिम, संख्या, लागत अनुमान, सञ्चालित योजना संख्या, सम्झौता रकम, सम्पन्न संख्या, सम्पन्न रकम, सञ्चालन हुन नसकेका योजनाको बजेट रकम सम्बन्धी विवरण अद्यावधिक गरी योजना सञ्चालन प्रक्रिया प्रभावकारी बनाउनु पर्दछ । सम्पन्न भएका योजनाहरू लेखापरीक्षणको अवधि सम्म सम्वन्धी उपभोक्ता समितिलाई हस्तान्तरण भएको देखिदैन । सम्पन्न भएका योजनाहरू सम्बन्धित उपभोक्तालाई यथा शिघ्र हस्तान्तरण गर्नु पर्ने देखिन्छ । ● लागत सहभागिता गाउँपालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीयतहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नु पर्दछ । तर गाउँपालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । अतःनगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनु पर्दछ ।	●
४३			**हेभि ईक्युपमेण्टको प्रयोगः** हेभी इक्विपमेण्टको प्रयोगः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभीमेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभीमेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमतिलिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नति	

<table>
<tr><td></td><td></td><td></td><td>सँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभीमेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँकार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।यसका केही उदाहरणहरु यसप्रकार रहेका छन:
<table>
<tr><td>उ.स को विवरण</td><td>काम</td><td>मेशिन</td><td>मेशिनको र इन्धनको भुक्तानी रकम</td></tr>
<tr><td>खारा पाखा कल्छे खेत सडक योजना</td><td>सडक स्तरोन्नति</td><td>स्काभेटर</td><td>५४११५२</td></tr>
<tr><td>खेलकुद मैदान निर्माण</td><td>मैदान सम्याउने</td><td>जे.सि वि</td><td>१३९८६४६</td></tr>
<tr><td>खेलकुद पाराफिट निर्माण</td><td>पारा फिट निर्माण</td><td>जे.सि.वि</td><td>७१७३६</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२०११५३४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>मिति २०७९-८-१८ मा नेपाल ईन्भेष्टमेण्ट वैंक ली सूर्यगढी को रु ८३८२०४।०० सम्परीक्षण मनासिब देखि फर्स्यौट गरिएको ।</td><td>०</td></tr>
<tr><td>४५</td><td></td><td></td><td>संपरीक्षण
अनुगमन तथा सम्परीक्षण – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछर्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछर्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण पेश हुन अएन।</td><td></td></tr>
</table>